नेपाल राजपत्र

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख २ गते २०३१ साल

श्री ५ को सरकार

निर्माण तथा यातायात मन्त्रालयको

सूचना

यस मन्त्रालयका सह–सचिव सहायक रथी श्री खड्गबहादुर सिंह कायम मुकायम सचिव हुनु भएकोले निज आफ्नो पदमा फर्की नआएसम्मको लागि सो पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यस मन्त्रालयका उप–सचिव श्री विष्णुगोपाल रिसाललाई मिति २०३०।१२।४ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले–
सहायक रथी खड्गबहादुर सिंह
श्री ५ को सरकारको का.मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

निर्माण तथा यातायात मन्त्रालयको

सूचना

यस मन्त्रालयका उप-सचिव श्री विष्णुगोपाल रिसाल कायम मुकायम सह-सचिव हुनु भएकोले निज आफ्नो पदमा फर्की नआएसम्मको लागि सो पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले यस मन्त्रालयका शाखा अधिकृत श्री बाबुकाजी बज्राचार्यलाई मिति ०३०।१२।४ देखि कायम मुकायम मुकरर गरेको छ।

सहायक रथी खड्गबहादुर सिंह
श्री ५ को सरकारको का.मु. सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।